आज मिति २०७८।११।०१ गतेका दिन यस जयपृथ्वी नगरपालिकाका नगर प्रमुख श्री बीरेन्द्र बहादुर खडका ज्यू को अध्यक्षतामा तपशिलको उपस्थितिमा नगर कार्यपालिकाको बैठक बसी निम्न बमोजिमका निर्णय गरियो ।

| सि.नं. | नामथर | पद | दस्तखत |
|---|---|---|---|
| १ | श्री बीरेन्द्र बहादुर खडका | नगर प्रमुख | |
| २ | श्री जुना जाग्री | नगर उपप्रमुख | |
| ३ | श्री गगन बहादुर सिंह | १ नं. वडा अध्यक्ष | |
| ४ | श्री शुक्रराज जोशी | २ नं. वडा अध्यक्ष | |
| ५ | श्री कलक बहादुर ओली | ३ नं. वडा अध्यक्ष | |
| ६ | श्री गगन बहादुर खाती | ४ नं. वडा अध्यक्ष | |
| ७ | श्री डम्बर बहादुर सिंह | ५ नं. वडा अध्यक्ष | |
| ८ | श्री नरेन्द्र बहादुर सिंह | ६ नं. वडा अध्यक्ष | |
| ९ | श्री हरिचन्द्र जोशी | ७ नं. वडा अध्यक्ष | |
| १० | श्री नवराज कोईराला | ८ नं. वडा अध्यक्ष | |
| ११ | श्री वजीर बहादुर खडका | ९ नं. वडा अध्यक्ष | |
| १२ | श्री दल बहादुर बिष्ट | १० नं.वडा अध्यक्ष | |
| १३ | श्री केशव बहादुर रोकाया | ११ नं. वडा अध्यक्ष | |
| १४ | श्री सुनिता धामी खडका | महिला सदस्य | |
| १५ | श्री गंगा कुमारी राना | महिला सदस्य | |
| १६ | श्री जानकी बम्म | महिला सदस्य | जानकी |
| १७ | श्री सावित्री बिष्ट खडका | महिला सदस्य | |
| १८ | श्री गीता देवी बि.क. | महिला दलित सदस्य | |
| १९ | श्री प्रकाश बि.क. | दलित सदस्य | |
| २० | श्री शंकर रसाईली | दलित सदस्य | |
| २१ | श्री हरिभान कामी | दलित सदस्य | |
| २२ | श्री लाल बहादुर खाती | सचिव | |

२३ श्री गोविन्द ब० बिष्ट
२४ श्री कुमार ब० ~~बिष्ट~~ खाती
२५ श्री कलाङ ब० [illegible]

Scanned with CamScanner

निर्णय नं. १

यस जयपृथ्वी नगरपालिकाको ८ औं नगर सभाले स्वीकृत गरेका तप सिलका योजना/कार्यक्रमहरुलाई तपसिल बमोजिम संशोधन गर्ने निर्णय गर्यो

तपसिल

| वडा नं. | ~~वडा नं.~~ स्वीकृत योजनाको नाम | संशोधित योजनाको नाम |
|---|---|---|
| १० | सामुदायिक क्रियापुल्ती भवन तल्लो टोल रकम रु. ५,००,०००(पाँचलाख) | (i) भवानी मन्दिर मर्मत रु. १,००,०००।(एकलाख) (ii) पात्कोट ~~पक्की~~ पुल देखि सुनारटोल हुँदै बाहुलीगाड लिङ्क रोड निर्माण ~~५,००,०००(~~ २,२३,५००।' (iii) चैनपुर सि.कु. निर्माण १,६६,५००।- |
| १० | सामुदायिक क्रियापुल्ती भवन मल्लोटोल रु. ३,००,०००।- (तिन लाख) | सामाजिक कार्यका लागि भाडा वर्तन खरिद (चैनपुर मल्लो टोल रु.-३,००,०००।- |
| १० | मल्लो टोल क्रयापुल्ती भवन चैनपुर रु. २,००,०००।-(दुई लाख) | पैनी खोला सिंचाई कुलो मर्मत दम्कुर रु. २,००,०००।- (दुईलाख) |
| १० | चन्द्रगगन बस पार्क निर्माण रकम रु. २५,००,०००।-(पच्चीसलाख) | (i) चैनपुर सिंचाई कुलो निर्माण रु. १२,३४,०० (ii) चैनपुर चौराहा देखि सन्तोष फर्माजासम्म नहर तथा ढल निकास रु. १,३६,०००।- (iii) चैनपुर माउण्टेनभ्यू होटल देखि भवानी सम्म सडक निर्माण रु. ३,००,०००(तिनलाख) (iv) माओवादी देखि पार्टी कार्यालय देखि हवाखाडा सम्म सडक निर्माण रु. १,००,०० (v) नेटरीतरी कार्यालय देखि तारघर सम्म सडक निर्माण रु. १,००,०००।(~~तिन~~ एक लाख) (vi) मदन स्मृति भवन हुँदै देवानको घर सम्म सडक निर्माण रु.-५,००,०००(पाँच लाख |
| २ | वडा कार्यालय सोलार जडान रु. १,५०,०००।- वडा स्तरिय खेलकुद प्रतियोगीता रु. २,~~५~~०,०००।- | बाजगाउ मोड देखि मोर्ताली विर्ख व खड्काको घर सम्म नाला निर्माण रकम रु. ~~३~~ ४,५०,०००।- (~~तिन~~ चार लाख पचासहजार |
| ५ | चुनापानी सिंचाई कुलो निर्माण रु. ३,००,०००।- (तिनलाख) | चुनापानी पम्पसेट खरिद रकम रु.-३,००,०००।- (तिनलाख) |
| ५ | सिल्केडाडा चुनापानी सडक निर्माण रकम रु. १०,००,०००।(दश लाख) | ~~सिल्केडाडा~~ सिटौला ल्याया तबिगिउला चुना पानी सडक निर्माण रु. १०,००,०००।- |
| ६ | खोला सिंचाई पोखरी निर्माण - २,००,०००।- | दलित बस्ती स्याब निर्माण - २,००,०००।- |
| ६ | कालाढुङ्गा खा. पा. निर्माण - २,००,०००।- | कालाढुङ्गा पोलि हाउस निर्माण - ५,००,००० |
| ६ | सुन्यालवाडा साझा भवन निर्माण-४,००,०००। | सुन्यालवाडा ग्यास चुलो वितरण-४,००,०० |
| ११ | डाँडागाउँ क्रिया भवन निर्माण-२,००,०००। | शान्ती विर्सेना डाडागाउ रेडग्यावाडा बाटोपा नी निर्माण - २,००,०००।- |
| | दलित बस्ती सा. भवन निर्माण १०,००,०००। | दमाई बस्ती क्रियापुल्ती भवन निर्माण ५,००,०००। |
| | " " " | नमुना मा. वि. ब्यवस्थापन १० - ५,००,०००। |

Scanned with CamScanner

निर्णय नं. २

यस जयपृथ्वी नगरपालिका अन्तर्गत स्थायी ठेगाना भएका क्यान्सर पिडित र मृगौला पिडितले आफू बिरामी भई उपचारार्थ अवस्थामा रहेका ले घरको आर्थिक अवस्था कमजोर भएको भनी निवेदन दिएकोले निजहरु लाई तपसिलको रकम आर्थिक सहयोग गर्ने निर्णय गरियो ।

| सि.नं. | नामथर | ठेगाना | रोगको किसीम | आर्थिक सहयोग रकम रु |
|---|---|---|---|---|
| १) | धनुकुमारी भण्डारी ओली | ज० न० पा०-३ | क्यान्सर | २५,०००/- |
| २) | कमला बम | ज० न० पा०-६ | मृगौला रोगी | २५,०००/- |
| ३) | गीता वि०क० | ज० न० पा०-९ | मानसिक रोगी | २५,०००/- |
| ४) | खड्क व० सुर्कबाकार | ज० न० पा०-१० | मानसिक रोगी | २५,०००/- |

निर्णय नं. ३

बझाङ् चैनपुर बाङ्लीगाडमा निर्माण भई रहेको बसपार्क मिति २०७८ ६।३१ गते देखि २०७८।७।३ गते सम्म आएको वर्षा सहितको बाढीले क्षतिग्रस्त भएको र सो भत्केको RCC महाकाली नदी नियन्त्रण आयोजनावार तत्काले RCC भई रहेकोले उक्त क्षेत्रमा यसै वर्ष RCC गरी आधुनिक बसपार्क निर्माण गर्न सहर शहरी तथा भवन कार्यालय डोटी, शहरी विकास तथा भवन निर्माण विभाग काठमाडौं र शहरी विकास मन्त्रालय सिंहदरबार काठमाडौंमा जोडदार माग गर्ने निर्णय गरियो ।

निर्णय नं. ४

मिति २०७८।६।३१ गते देखि २०७८।७।३ गते सम्म आएको अबिरल वर्षाले डिलगाडमा आएको पानी र बाढीले लुयाद आधारभूत विद्यालय जोखिममा भएकोले उक्त ठाउँमा तटबन्धनको लागि सुदुर पश्चिम प्रदेश सामाजिक विकास मन्त्रालयमा अनुरोध गर्ने निर्णय गरियो ।

निर्णय नं. ५

यस वर्ष मिति २०७८।६।३१ गते देखि २०७८।७।३ गते सम्म आएको अबिरल वर्षाले जयपृथ्वी नगरपालिका वडा नं. ६मा तपसिलका स्थानमा क्षेती गरेकोले उक्त स्थानमा नियन्त्रणका लागि तटबन्धन को आवश्यक भएकोले तटबन्धनका लागि सिंचाई निर्माण उत्थान कार्यालय र महाकाली नदी नियन्त्रण कार्यालय दार्चुलालाई अनुरोध गर्ने निर्णय गरियो ।

तपसिल

१) सुकेडा तल्लो मल्लो जिउला ।
२) सेती नदी झोलुङ्गेपुल ।
३) सेरा बस्ती ।
४) बगडी बस्ती तथा कचाली खोला
५) खोलाबगर देखि तमैल सम्म ।

निर्णय नं. ६

जयपृथ्वी नगरपालिका वडा नं. ६ मा रहेको लस्नी क्रिकेट खेल मैदानको निर्माण कार्य अधुरो रहेकाले उक्त निर्माण कार्य पूर्ण गर्नको लागि सुदूरपश्चिम प्रदेश भौतिक पूर्वाधार मन्त्रालय र सम्वन्धित निकायमा अनुरोध गर्ने निर्णय गरियो।

निर्णय नं. ७

मिति २०७८।६।३१ गते देखि २०७८।७।३ गते सम्म आएको अविरल वर्षाले जयपृथ्वी नगरपालिका वडा नं. ४ को ढाकेखोला र सो क्षेत्रमा बग्ने खेती नदीले खेती योग्य जमिन कटान गरेकाले उक्त क्षेत्रमा तटबन्धनका लागि महाकाली नदी नियन्त्रण कार्यालय दार्चुलालाई अनुरोध गर्ने निर्णय गरियो।

निर्णय नं. ८

यस जयपृथ्वी नगरपालिकालाई आवश्यक पर्ने महिला सुरक्षित आवास गृह आकस्मिक कोष (संचालन) कार्यविधि २०७८ स्वीकृत गर्ने निर्णय गरियो र अल्पकालिन महिला सुरक्षित आवास गृह / सेवा केन्द्र संचालन तथा व्यवस्थापन कार्यविधि २०७६ प्रथम संशोधनका लागि जयपृथ्वी नगरपालिकाको आ. व. ०७८।०७९ को हिउँदे अधिवेशनमा पेश गर्ने निर्णय गरियो।

निर्णय नं. ९

यस जयपृथ्वी नगरपालिका वडा नं. ११ को कालाखाली देखि आर्मी ग्यारेक सम्म तटबन्धनका लागि महाकाली नदी नियन्त्रण कार्यालय दार्चुलालाई अनुरोध गर्ने निर्णय गरियो।

निर्णय नं. १०

यस कार्यालयलाई आवश्यक पर्ने खा.पा. स.टे. को दरबन्दी नभएकाले खानेपानी तथा सरसफाई टेक्नीसियन सहायक स्तर चौथो तहको पद संख्या - २ को दरबन्दी माग गर्न लागि संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय सिंहदरबार काठमाडौंलाई अनुरोध गर्ने निर्णय गरियो।

निर्णय नं. ११

यस जयपृथ्वी नगरपालिका अन्तर्गत संचालन भएका विद्यालयमा कार्यरत विद्यालय कर्मचारी, सहयोगी कार्यकर्ता र विद्यालय सहयोगी तथा अध्ययन केन्द्रमा कार्यरत सामाजिक परिचालकको २०७८ साल फागुन १ गते देखि २०७९ असार मसान्त सम्मको नगरपालिकाले थप गर्नुपर्ने रकम समपुरक ~~अनुदानबाट~~ कोषबाट भुक्तानी दिने निर्णय गरियो।

Scanned with CamScanner

निर्णय नं. १२

यस जयपृथ्वी नगरपालिकाबाट आ. व. ०७७।०७८ मा चन्द्रगगन बसपार्क निर्माणका लागि रकम विनियोजन गरी टेण्डर आवहान गर्दा श्री संजिवनी निर्माण सेवा केदारस्यु गा. पा. ३ ले ठेक्का पाएको र निज निर्माण सेवा र यस कार्यालय बीच रकम रु. ४,१८५१६ मा कामगर्ने सम्झौता भई कार्यालयबाट काम गर्नको लागि पटक पटक पत्राचार गर्दा समेत समयमा काम संचालन तथा सम्पन्न नगरेको यस आ. व. मा मिति २०७८।६।३१ देखि २०७८।८।३ गते सम्म आएको अविरल वर्षाले निर्माण साईड बगाएकोले आधुनिक बसपार्क निर्माणको लागि पहल भएकोले संजिवनी निर्माण सेवा केदारस्यु संगको ठेक्का सम्झौता तोड्ने निर्णय गरियो ।

निर्णय नं. १३

यस जयपृथ्वी नगरपालिका वडा नं. १० मा बनेका घाटआमेले ~~स्वीकृतिको लागि~~ काम गर्ने अन्तिम पटकका लागि मिति २०७८।११।१ गते देखि २०७८ साल फागुन मसान्त सम्मका लागि म्याद थप गर्ने निर्णय गरियो ।

निर्णय नं. १४

जयपृथ्वी नगरपालिकामा नगर प्रहरी भर्ना गर्नको लागि सूचना प्रकाशित गर्ने निर्णय गरियो ।

निर्णय नं. १५

यस जयपृथ्वी नगरपालिका वडा नं. ३ को केदुवाडा खानेपानी मिति २०७८।६।३१ गते देखि ~~आषाढ~~ २०७८।८।३ गते सम्म आएको अविरल वर्षाले ईन्टेक र पाईपलाईन बगाई खानेपानी पूर्ण रुपमा बन्द भएकोले सो खानेपानी सुचारु गर्नको लागि समपुरक कोषबाट रकम रु. २,००,०००।- (दुई लाख) भुक्तानी दिने निर्णय गरियो ।